दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बरः ९८०१८२७९५०



वर्ष ३८ | अंक १०१ | बुटवल | २०८२ चैत २७ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday April 10, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# आयोगमा राज्यको अबौं खर्च, सरकार फेरबदलले वर्षौंसम्म आएन लालपूर्जा

**पछिल्लो तथ्यांकअनुसार नेपालमा भूमिहीन र अव्यवस्थित गरी झण्डै १३ लाख परिवार छन्। प्रधानमन्त्री बालेन्द्र शाहले एक हजार दिनभित्र लालपूर्जा दिएर समस्या समाधान गर्ने प्रतिबद्धता गरेका छन्। धेरै काम ओली नेतृत्वको सरकारले गरिसकेकाले अहिलेको सरकारलाई लालपूर्जा वितरण गर्न धेरै सहज हुने विज्ञहरु बताउँछन्।**

**टिआर शर्मा**

*बुटवल*

बागलुङको बरेङबाट बुटवल झरेका होमबहादुर परियार २० वर्षदेखि बुटवल ११ सत्यवती टोलमा बस्दै आएका छन् । सुकुम्बासी बस्तीमा ६ धुर जग्गा किनेर बसेका परियारलाई ४ वटा संसदीय चुनाव र दुईवटा स्थानीय चुनावमा सबै उम्मेदवारले लालपूर्जा दिने वाचा गरे । भोट माग्न आउने सबै दल र उम्मेदवारहरुको पहिलो आश्वासन जग्गाको लालपूर्जा दिने हुथ्यो । तर लालपुर्जा नपाएको परियारको गुनासो छ ।

'जग्गा किनेर झुपडी बनाएर बसेको २० वर्ष भइसक्यो, हरेक चुनावमा भोट माग्न आउनेले अब लालपूर्जा पाइन्छ भन्छन्, तर पाइएको छैन,' परियारले भने- 'बेलाबेला नापीका कर्मचारी पनि आएर जग्गा नापजाँच गर्छन्, अनि अब पाइन्छ कि भन्ने आश पलाउँछ, तर पाउने कहिले हो ठेगान छैन ?'

तनहुँको दमौलीबाट आएका धनबहादुर परियारको पीडा पनि उस्तै छ। १७ वर्षदेखि बुटवल ११ को हात्तीसुड क्षेत्रमा १५ धुर जग्गा आफ्नो बनाएर बस्दै आएका परियार पनि लालपूर्जाको पर्खाइमै छन्। धनबहादुरले उक्त जग्गा कसैसँग किनेको नभई तिनाउ नदी किनारको खाली जग्गामा झुपडी बनाएर बसी जोतभोगका आधारमा आफ्नो बनाएका हुन् । उनलाई वडाले टोकन पनि दिएको छ। आम्दानीको अन्य श्रोत नभएका ७० वर्षका परियारले रकम अभावमा विरामी श्रीमतीको उपचार गर्न नपाएको गुनासो गर्छन् ।

बुटवल- ११ कै सत्यवती टोल विकास संस्थाका अध्यक्ष विष्णु काफ्ले १५ वर्षदेखि यहाँ बस्दै आएका छन्। उनी बसेको बस्तीमा स्थानीय र संघीय सरकारको बजेटमा पक्की सडक, खानेपानी र बिजुली जस्ता पूर्वाधार बनेका छन्, तर अहिले आएर भूमि आयोगका पदाधिकारीबाट नदी उकास जग्गा भन्दै लालपूर्जा नदिने चर्चाले सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु पिरलोमा परेको काफ्लेले गुनासो गरे ।

'बस्ती बसेपछि राज्यकै लगानीमा सबै पूर्वाधार र सुविधा पाएपछि लालपूर्जा पनि पक्कै पाइन्छ भन्ने विश्वास थियो, अहिले आएर दिन मिल्दैन भन्ने कुरा सुनिन्छ,' काफ्लेले भने-'लालपूर्जा दिन नमिल्ने भए सुकुम्बासी बस्ती बस्न किन दिएको, यति धेरै लगानी किन गरेको हो ?'

अर्घाखाँचीबाट देवदहमा झरेका शेरबहादुर क्षेत्रीको पीडा पनि उस्तै छ । देवदहमा उनको १५ कठ्ठा जग्गा छ । उनी पनि लालपूर्जाको आशमा बसेको ३० वर्ष हुन लाग्यो। 'जग्गा जमिन भएर पनि बैंकमा धितो राखेर ऋण लिन नपाउँदा धेरै अवसरबाट वञ्चित हुनुपर्दो रहेछ,' क्षेत्री भन्छन्-'सबैभन्दा ठूलो पीडा त छोराछोरीको विहे गर्ने बेला सुकुम्बासी भनेर अपमानित गर्दा रहेछन् ।'

परियारद्वय, काफ्ले र क्षेत्री प्रतिनिधि पात्र मात्र हुन्। सुकुम्बासी र अव्यवस्थित बसोबासीको पीडा रुपन्देहीमा मात्र नभई तराईका अधिकांश जिल्लामा उस्तै छ । पछिल्लो तथ्यांक अनुसार देशभर १२ लाख ७१



हजार ५५७ परिवार यो समस्याबाट पीडित छन्।

जसमध्ये ९६ हजार ३३९ भूमिहीन दलित, एक लाख ७५ हजार १०९ भूमिहीन सुकुम्बासी र ९ लाख १४ हजार ६१८ परिवार अव्यवस्थित बसोबासी छन् । यी मध्ये ११ लाख ५१ हजार ४०१ परिवारको तथ्यांक भूमि समस्या समाधान आयोगको भू सूचना प्रणालीमा लगत प्रवृष्टि भएको छ।

सरकारले सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाण पुर्जा (लालपूर्जा) दिने उद्देश्यले पञ्चायतकालदेखि नै विभिन्न नाममा आयोग बनाएर काम गरिरहेको छ। तर सरकार फेरबदलसँगै आयोगका पदाधिकारी परिवर्तन भइरहने पुनरावृत्ति (चक्र)ले आयोगका पदाधिकारी र कर्मचारीको तलब भत्ता, जग्गा नापजाँचका उपकरणमा हालसम्म अबौं रकम खर्च भए पनि समस्या उस्तै छ। कतिपय शहरी जिल्लामा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको संख्या हरेक वर्ष बढ्दै गएको देखिन्छ।

प्रदेशगत तथ्यांकअनुसार सात प्रदेशमध्ये सबैभन्दा बढी लुम्बिनी प्रदेशमा ३ लाख १ हजार ३४७ परिवार छन्। कोशी प्रदेशमा २ लाख ३१ हजार ९२२, मधेस प्रदेशमा १ लाख ६ हजार ९३, बागमती प्रदेशमा १ लाख २५ हजार २३६, गण्डकी प्रदेशमा ८६ हजार ९५९, कर्णाली प्रदेशमा ४८ हजार ८९९ र सुदूरपश्चिम प्रदेशमा २ लाख २३ हजार १९४ परिवार छन्।

जिल्लागत रुपमा सबैभन्दा धेरै भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासी भएका जिल्ला ७ वटा छन् । ती मध्ये कैलालीमा सबैभन्दा बढी १ लाख १० हजार बढी छन् । यसमा अव्यवस्थित बसोबासी धेरै छन् । दोस्रो धेरै भएका जिल्लामा रुपन्देही छ। यहाँ करिब ७५ हजार परिवार छन् । जसमा ६० हजार परिवार अव्यवस्थित बसोबासी छन् । यस्तै दाङमा ७० हजार बढी, बर्दियामा ५४ हजार बढी, झापामा ५२ हजार बढी, बाँकेमा ४६ हजार बढी र काठमाडौंमा करिब ४ हजार रहेको अनुमान छ।

एक कठ्ठाभन्दा धेरै जग्गा भएका, अन्यत्र पनि जग्गा भएका र आम्दानीको स्रोत भएकालाई अव्यवस्थित बसोबासी र एक कठ्ठा वा त्योभन्दा कम सरकारी जग्गामा बसेकाहरु सुकुम्बासी हुन् । भूमिहीन दलित र सुकुम्बासीलाई उनीहरु बसेको जग्गाको कुनै कर नलिई निःशुल्क दिइन्छ, अव्यवस्थितलाई निश्चित कर लिएर मात्र जग्गा दिइन्छ। अन्यत्र लालपूर्जासहितको जग्गा भएकाहरुले भूमिहीन दलित र सुकुम्बासी भनेर जग्गा प्राप्तिका लागि फारम भरेको भए पनि नपाउने ऐनमा व्यवस्था छ।

२०७२ यता हालसम्म लगभग १३ सय कर्मचारी/पदाधिकारीमा करिब २ अर्ब रुपैयाँ प्रशासनिक खर्च भएको एक तथ्यांकमा उल्लेख छ।

बुटवल उप-महानगरले मात्रै गत आर्थिक वर्षमा भूमिहीन सुकुम्बासी बसेको जग्गा नापजाँच, ब्लक कायम, नक्सा तयार र छानबिन गरी व्यक्ति पहिचानका काम गर्न करारका कर्मचारी राखेर ७५ लाख बजेट छुट्याएको थियो । जसमा २८ लाख ५४ हजार ४४७ रुपैयाँ खर्च भएको भूमि व्यवस्थापन शाखाका उप-निर्देशक दामोदर ज्ञवालीले बताए।

उप-महानगरले गत असार मसान्तसम्म १० हजार ६ सय १६ जनाको जग्गा नापजाँच गरी अधिकांशको नक्सा तयार गरेको अवस्थामा भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा उप-महानगरको प्रशासनिक भवनमा आगजनी हुँदा नक्सा जलेर खरानी भएको ज्ञवालीले बताए । चालु आर्थिक वर्षमा भूमिहीन सुकुम्बासीको क्षेत्रमा काम गर्न २ करोड वजेट विनियोजन भएको उनले बताए।

बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले भूमि समस्या समाधानका विभिन्न चरणका काम गर्न स्थानीय तहको ठूलो रकम खर्च हुने, तर राजस्व सबै संघीय सरकारमा मात्रै जाने भएकाले स्थानीय सरकारमा पनि निश्चित प्रतिशत राजस्व आउने व्यवस्था गरिनुपर्ने माग गर्छन्। नेपालको संघीयताको मूल मर्म तीन तहका सरकारबिच अधिकार बाँडफाँट तथा सहकार्यमा आधारित भएकाले भूमि समस्या समाधानका क्रममा प्राप्त राजस्वको केही प्रतिशत स्थानीय सरकारलाई पनि दिएर संघीयतालाई बलियो बनाउन सकिने राना बताउँछन्।

बुटवलमा जस्तै रुपन्देहीका १६ पालिकामध्ये तिलोत्तमा, देवदह, सैनामैना, सिद्धार्थनगर र लुम्बिनी साँस्कृतिक नगरपालिका तथा कञ्चन, गैँडहवा, मायादेवी, सम्मरीमाई, सियारी र शुद्धोधन गाउँपालिकामा भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी समस्या रहेको भूमि समस्या समाधान आयोग रुपन्देहीका अध्यक्ष कुमार थापाले बताए।

'संघीय सरकारको खर्च त छँदैछ, भूमिसम्बन्धी समस्या भएका दर्जनौं पालिकाहरुले पनि आफ्नै स्रोतबाट वर्षेनी लाखौंका दरले समग्रमा करोडौं खर्च गरिरहेका छन्, दशकौंसम्म राज्यको ठूलो धनराशी खर्च भइरहेको छ,' थापाले भने-'सरकार परिवर्तनसँगै आयोग गठन, पुनर्गठन भइरहने कारण सुकुम्बासी र अव्यवस्थित बसोबासीले वर्षौंदेखि आश्वासन मात्रै पाए, तर लालपूर्जा पाउन सकेनन् ।'

अघिल्लो सरकारले गरेका जग्गा नापजाँच र नक्सा तयार गरेको कामलाई त्यसपछिका सरकारले स्वामित्व लिएर बाँकी रहेका काम मात्र अघि बढाए हुने गरी ऐन संशोधन भएकाले अबदेखि राज्यलाई आर्थिक भार नदोहोरिने र समस्या समाधान छिटो गर्न सहज हुने अध्यक्ष थापा बताउँछन्। एमाले नेता हरि रिजाल नेतृत्वमा पछिल्लो आयोग गठनपछि ६ सय जना अमिन र ४ सय जना सर्वेक्षक नियुक्त भएर काम गरेका छन्।

» ***बाँकी ३ पेजमा***

## महरासहित २८ जनाविरुद्ध मुद्दा



बुटवल। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट सुन तस्करीमा सघाएर भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वसभामुख कृष्णबहादुर महरा, उनका छोरा राहुलसहित २९ जनामाथि भ्रष्टाचार मुद्दा चलाएको छ।

अख्तियारले प्रमुख भन्सार प्रशासन अरुण पोखरेल, प्रमुख भन्सार अधिकृतहरू मुक्तिप्रसाद श्रेष्ठ, अम्बिकाप्रसाद खनाल, भन्सार अधिकृत रमेशकुमार खतिवडा, भन्सार अधिकृत सुबेन्द्र श्रेष्ठ, नासुहरू सुवर्णाप्रभा केसी, भुवनराज घिमिरे, उमेशप्रसाद कोइराला, रेवन्त खड्का र मधुसुदन पोखरेलमाथि मुद्दा चलाएको हो।

अख्तियारले महरासहित उनको छोरा राहुल, निर्मलकुमार विक, लोकेन्द्रकुमार पौडेल, दिपेश बस्नेत, गोपाल सुवेदी, दिनेश बस्नेत, वेदप्रकाश अग्रवाल, रामकेशव थापा, अमृत कार्की र निमा गुरुङमाथि पनि मुद्दा चलाएको हो । त्यसैगरी प्रेरणा थापा, ललिता थापा, दिपिका थापा, चिनियाँ नागरिक लि हाङ सोङ र दोजिङ वाङ अनि बेल्जियमका नागरिक दावा छिरिङ तथा भारतीय नागरिक साहेव राव पाण्डुरङविरुद्ध मुद्दा चलाएको हो । त्यसैगरी डेक्टर ट्राभल्स एण्ड टुर्स प्रालिमाथि पनि मुद्दा चलाएको छ ।

## ओली र लेखक हाजिरी जमानीमा रिहा



बुटवल । ज्यानसम्बन्धी कसुरमा अनुसन्धान भइरहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक बिहीबार रिहा भएका छन् । अनुसन्धानका क्रममा हिरासतमा रहेका दुवै जनालाई सर्वोच्च अदालतको आदेशपछि १३औं दिनमा रिहा गरिएको हो।

दुवै जनालाई हाजिरी जमानीमा रिहा गरिएको छ। रिहा गर्नु पहिले दुवै जनालाई पुरक बयान र अनुसन्धानमा सहयोग गर्ने सर्तमा कागज समेत गराइएको छ।

प्रहरीले तयार गरेको कागजमा हस्ताक्षर गरेर दुवै जनाका पत्नीले जिम्मा लिएका छन् । ओलीलाई उनकी पत्नी राधिका शाक्य र लेखकलाई पत्नी यशोदा जोशीले जिम्मा लिएका हुन्।

जेनजी आन्दोलनमा मारिएका युवाका परिवारको जाहेरी र जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा उनीहरूलाई चैत १४ गते बिहान निवासबाटै पक्राउ गरिएको थियो। तर आफ्नो पक्राउ र हिरासत गैरकानुनी दाबी गर्दै दुवै जनाले चैत १५ गते सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट दायर गरेका थिए।

रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र सुनील पोखरेलको इजलासले अब म्याद थप नगर्न र अनुसन्धान सकिए वा नसकिए पनि रिहा गर्न चैत २३ गते आदेश दिएको थियो । सर्वोच्चको आदेश अनुसार रिहा गर्न जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले प्रहरीलाई पत्र पठाएको थियो।

त्यसपछि बिहीबार बिहान कागज गराएर पत्नीको जिम्मा लगाएको हो । पत्रमा भनिएको छ-'अनुसन्धानको क्रममा खोजी भएका बखत र अनुसन्धानमा सहयोग गर्ने सर्तमा माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्नु भनि निर्देश प्राप्त हुन आएको हुँदा यस कार्यालयको हाजिर जमानीमा छाड्ने सहमति पत्रमा जिल्ला सरकारी वकिलको कार्यालयद्वारा सहमति प्रदान भइ आएको हुँदा अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहेका प्रतिवादी (केपी ओली, रमेश लेखक) लाई पुरक बयान र अनुसन्धानमा सहयोग गर्ने सर्तमा खोजी भएको बखत उपस्थित गराउने जमानीमा छाड्नु पर्ने भएकोले तपाईले जिम्मा बुझि लिनुहोस्।'

यसअघि सरकारी वकिल र प्रहरीले उनीहरूको बयान लिइसकेका छन्।

» ***बाँकी ३ पेजमा***




## सम्पादकीय

# प्रधानमन्त्रीको ड्रेस कोड

प्रधानमन्त्री बालेन्द्र शाहले बुधबार सिंहदरबारमा नेपालका लागि विभिन्न देशका राजदूतहरूसँग सामूहिक भेट गरेर सरकारको प्राथमिकता, चासो र छिमेकी तथा मित्रराष्ट्रसँगको सहकार्यबारे धारणा राखे । यो भेट यस कारण पनि महत्वपूर्ण रह्यो कि प्रायः प्रधानमन्त्री र मन्त्री पदमा नयाँ नियुक्तिसँगै व्यक्तिगत भेटघाटका लागि राजदूतको दौडधुप चल्थ्यो । अहिले परम्परालाई तोड्दै प्रधानमन्त्री साहले पहिलो पटक सामूहिक भेट गरे । उनको यो काम जति प्रशंसनीय छ, कुटनीतिक भेटघाटमा ड्रेस कोडलाई हेक्का नराखेर प्रधानमन्त्रीले आफूलाई फिक्का बनाएका छन् ।

कूटनीतिमा स-साना विषयको महत्वपूर्ण अर्थ हुन्छ । यो व्यक्तिगत विषयमात्रै हुन्न । मुलुकको पहिचान र प्रतिष्ठाको सवाल हुन्छ । भेटघाटमा प्रयोग हुने भाषा, बसाइ, व्यवस्थापन र पोशाक जस्ता विषयलाई अर्थपूर्ण लिइन्छ । विश्वभर नै राष्ट्रप्रमुख वा सरकार प्रमुखहरूले विदेशी प्रतिनिधिहरूलाई भेट्दा कि त अन्तर्राष्ट्रिय औपचारिक सुट लगाउँछन्, कि देशको राष्ट्रिय पोशाक लगाउँछन् । प्रधानमन्त्री साह प्रायः कालो टिसर्ट र कोटमा देखिन्छन् । बुधबार भएको कुटनीतिक भेटघाटमा पनि यही पोशाकमा देखिए । यो औपचारिक भेटमा अनौपचारिक पोशाकले भेटघाटलाई खल्लो बनाएको छ । प्रधानमन्त्री साह स-सानो विषयलाई पनि ख्याल गरेर अघि बढ्ने गर्दछन्, कुटनीतिक भेटघाटमा किन औपचारिक पोशाक लगाउन ख्याल गरेनन् ? उनको सचिवालयले किन हेक्का राखेन् ? औपचारिक पोशाकले आफ्नो पहिचान र प्रतिष्ठा झल्किने मात्रै नभएर पाहुनाको सम्मान पनि हो । औपचारिक पोशाकमा आएका विभिन्न देशका कुटनीतक अधिकारीको सम्मानमा प्रधानमन्त्री किन चुके ? टिसर्ट र कोट प्रधानमन्त्रीको मनपर्ने पोशाक हुनसक्छ, तर यो अनौपचारिक पोशाक हो, प्रधानमन्त्री संसद बैठकमा पनि यही पोशाकमा गइरहेका छन् ।

कुटनीतिक अधिकारीसँग सामूहिक भेट गरेर जुन सन्देश प्रधानमन्त्रीले दिन खोजे, त्यो निकै महत्वपूर्ण सन्देश हो । तर ड्रेस कोडको ख्याल नगर्दा दिन खोजेको सन्देश फिक्का भएको छ । कुटनीतिक शिष्टाचारका दृष्टिले यो गम्भीर कमजोरी हो ।

प्रधानमन्त्री साहका अरु मान्छेका झैं कतिपय स्वभावगत समस्या छन् । उनी पोशाकमा अरुभन्दा भिन्दै देखिन खोज्छन् । आफूलाई लागेको कुरा र विषयप्रति आँखा चिम्लेर अघि बढ्छन् । उनलाई लागेको र मन परेको सबै विषय सही नहुन सक्छ । त्यसले सबै ठाउँ राम्रो र सकारात्मक सन्देश नदिन सक्छ । कुटनीतिक भेटघाटमा ड्रेस कोडमा ध्यान नदिएर प्रधानमन्त्रीले जुन गल्ती गरे, त्यो गल्ती आगामी दिनमा दोहोऱ्याउन हुन्न । प्रधानमन्त्रीको औपचारिक पोशाकले देशको पहिचान दिन्छ, मुलुकको प्रतिष्ठा र इज्जतको सवाल हो ।

# ट्रेड युनियन र जनवर्गीय संगठनहरूको खारेजीमा बालेन सरकार



विनबहादुर कुँवर

आज यही गणतन्त्रको जगमा बसेर यही गणतन्त्रको स्थापना र यसको विकास र समृद्धिको लागि ठूलठूला योगदान पुऱ्याउँदै आएका यस्ता ट्रेड युनियन र संगठनहरु हटाउने वा प्रतिबन्ध लगाउने यो वर्तमान बालेन सरकारको निर्णयले आम देशभक्त जनवादी सबै पार्टी, युनियन र संगठनहरुप्रति ठूलो गद्दारी हुँदैछ । स्वयं वर्तमान संविधानकै खिलापमा यो छ । त्यसैले अन्त्यमा वर्तमान यो सरकारका यी सबै अलोकतान्त्रिक कदमको विरुद्ध सब एकजुट होऊ ।

भनिन्छ नयाँ साधुले धेरै खरानी घस्छ । यसको अर्थ हो खाटी साधु बनेको बहानाबाजी । ठीक यो राजनीतिमा पनि अर्थात् राजनीतिक नेताहरुमा पनि पाइन्छ । सुरुसुरुमा केकेन गरे जस्तो गर्ने दौडधुप, खाने बस्ने र सुत्ने पनि फुर्सद नभए जस्तो आदि गतिविधि देखाउने गरेको पाइन्छ । कोहीले त राम्रै काम पनि गर्ने गरेका छन् । जस्तो उदाहरण एमालेको ९ महिने शासनकाल अर्थात् मनमोहन अधिकारी नेतृत्वको सरकारले गरेका केही सकारात्मक कामहरु । तर पछिका हरेक एमाले नेतृत्वको शासन कालहरुमा भने बाटो हिंड्दै छ पाइला भेट्दैछ भने जस्तै एमालेको अहिलेको ओली शासनकालमा आइपुग्दा हिजोका मनमोहन बीचका माधव, झलनाथ हुँदै अहिले एमालेको विजोक नै भएको छ । यी सबै कुनै न कुनै अपराधमा मुछिने गरेका छन् । ठीक यस्तै फेरि माओवादी प्रचण्ड-बाबुराम र नारायणकाजीमा देखियो । पहिलो पटक सत्तामा पुगेपछि केकेन नेपाली सेनालाई लोकतान्त्रिकीकरण गराउन खोज्दा उल्टै प्रचण्ड सत्ताबाट अपदस्त हुनु पऱ्यो । तै पनि पछि यस्ता अनेक भ्रष्टाचारजन्य घटना प्रचण्ड मुछिएकै छन् । सम्पत्ति शुद्धीकरणमा देउवा, प्रचण्ड, बाबुराम आदि सबैलाई जाक्ने दाउमा प्रम बालेन रहेको बुझिएको छ ।

अर्को एउटा उदाहरण बाबुराम भट्टराईको लिउ । पहिलो पटक बाबुराम प्रधानमन्त्री बन्दा बित्तिकै मुस्ताङ जीप गाडीको प्रसंग ठूलो चर्चाको विषय बन्यो । अर्थात् बाबुराम प्रधानमन्त्री भएर पनि त्यसभन्दा पहिलेका प्रधानमन्त्रीहरुले जस्तै सरकारी महङ्गा लज्जारी गाडी उपयोग नगरी नेपालमै बनेको मुस्ताङ्गे जीपमा सयर गर्ने भनेर सबैलाई आश्चर्यचकित पारे । तर यो धेरै दिन टिकेन । खास कुरा त उक्त गाडीको प्रचार प्रसार विज्ञापन पो रहेछ । त्यस्तै अर्को उनको सस्तो लोकप्रियताको नमूना हरेक महिना एक दुईदिन त्यस्तै गरिब निमुखा दलित समुदायहरुको घर दैलो जाने त्यही खानपिन गर्ने र बास बस्ने रह्यो । तर यो पनि धेरै टिकेन । राजधानीका केही सडक फराकिलो पारी हाइहाई भएका तत्कालीन प्रम बाबुराम अन्ततः ललिता निवास घोटला काण्डमा मुछिएर अख्तियारमा बयान दिई बसेका छन् । त्यस्तै अर्को एउटा प्रसङ्ग नारायणकाजी गृहमन्त्री भई आएपछि कर्मचारी सबलाई कार्यालय समय पहिले दश मिनेट योगा अर्थात् ध्यान गर्न लगाए । यी सबै तत्काल देखाइएका सस्तो लोकप्रियता अर्थात् राजनीतिक स्टन थिए । यी कुनै पनि टिकाउ भएनन् । ढिलो चाँडो यी सबै एकपछि अर्को रुपमा यथास्थितिमै रमाउन पुगे ।

अहिले फेरि अर्को बालेन शाह नेतृत्वको रास्वपाको नयाँ सरकार बनेको छ । बनेकै दिनदेखि सरकारका सब मन्त्रीहरुलाई भ्याई नभ्याई रातदिनको दौडधुप यतिसम्मकि गृहमन्त्री सुदन गुरुङ्ग कार्यालय सोफामा पल्टी निदाएको फेसबुकमा देखाएको छ । मन्त्री हुनु त यस्तो पो ! विचरा ! रात दिन आफ्नो विस्तारमा सुत्न नभ्याए पछि के गरुन् ? अफिसकै सोफामा भए पनि सुत्नै पऱ्यो । तर यो पनि माथि भनिएका मन्त्रीहरुकै सिको अर्थात् सस्तो लोकप्रियता 'स्टन' जनतालाई देखाइएको यो दृश्य र त्यसबाट मिल्ने सहानुभूति नै हो । नत्र भने सुत्नै पर्ने भए आफ्नै निजी वा सरकारी निवासहरुमा सुते भइहाल्छ । सुदन गुरुङ्ग सांसद बनेको अनि मन्त्री भएको त्यसमा पनि अझ गृहमन्त्री नै भएकोमा धेरैलाई पत्यार नै भएको छैन । अरु दल र दल नेता, संघसंस्था व्यक्ति विशेषका त कुरै छोडौ स्वयं रास्वपाका नेता र कार्यकर्ताहरुलाई पनि यो पचेको छैन । तै पनि मन्त्री नै भइसकेपछि पत्याउनै पऱ्यो मान्नै पऱ्यो । तर उनको स्वभाव मन्त्रीको जस्तो छैन । खाली स्वभाव अहिले उनको पनि एउटा टोले गुण्डाको जस्तो । उदाहरण सदनमा एमाले नेता रामबहादुर थापा बोल्दै गर्दा उनले देखाएको हाउभाउ, टीओबी भन्दा अझ आक्रोसित, चोरको खुट्टा काट्छु भन्दा खुट्टा ताने जस्तै ।

बालेन सरकार बनेकै दिनदेखि उनी र उनका मन्त्रीहरुले एउटा फिल्मी शैलीमा धमाधम विभिन्न काम कारबाही गरिरहेका छन् । पहिलो एक्सन पूर्व प्रम ओली र गृहमन्त्री लेखकलाई उनीहरुकै घरमा गई गिरफ्तार गर्न लगाइयो । त्यसपछि धमाधम अरुलाई पनि गिरफ्तार गरिंदैछ । तर यो ओली र लेखकको गिरफ्तारलाई अदालतले भने स्वीकारेन र रिहाई गर्न परमादेश जारी गऱ्यो । त्यसैले पहिलो गाँसमा नै टुंगा भने जस्तै यो सरकारका प्रधानमन्त्री बालेन शाह र गृहमन्त्री सुदन गुरुङ्गलाई भएको छ । नैतिकता भए गृहमन्त्रीले पदबाट राजीनामा गर्नुपर्ने हुन्छ । अब यसमा प्रम बालेन र रास्वपा सभापति रवि लामिछानेले के गर्छन् र भन्छन् ? त्यो हेर्न बाँकी छ ।

भनिन्छ, दश चोटी नाप अनि एक पटक काट । तर यो सरकारको गतिविधि ठीक उल्टो पहिले काट अनि बल्ल नाप । यस्ता अरु पनि थुप्रै निर्णय र घटना दोहोरिंदै छन् । देशको यति ठूलो पद र त्यसको जिम्मेवारी लिएपछि त्यत्ति धेरै हतारिनु पर्ने वा प्रतिशोध र बदला अनि पूर्वाग्राही हुनुपर्ने केही थिएन । माथि भने जस्तै लामो सोधबुझ अर्थात् १० पटक नापी काटेको भए यो हुने नै थिएन । यो सब अल्लारेपन र प्रतिशोधको उपज नै भएको प्रष्ट छ । यसको प्रमाण पूर्व प्रजिअ छवि रिजालको गिरफ्तारी अनि केही घण्टामै छोडिदिनु तर ओली र लेखकलाई भने यसरी गिरफ्तार गरी थुनिराख्नु । अझ यही कार्की आयोगको रिपोर्टअनुसार पूर्व प्रहरी प्रमुखलाई त अहिलेसम्म कुनै सोधपुछ र गिरफ्तारी केही पनि नगरेबाट पनि प्रष्ट हुन्छ ।

यो लोकतन्त्र हो । लोकतन्त्रमा कुनै पूर्वाग्रह, प्रतिशोध र बदलाको भावना हुँदैन । चित्त नबुझे खुल्ला आलोचना र विरोध हुन्छ । छलफल, विचार विमर्स आलोचना-आत्मलोचना र सहकार्य एकता हुन्छ । यो नगरी खाली प्रतिशोध र बदलाको भावना सामन्ती, निरंकुशताको उपज हो । सामन्तवाद व्यक्ति केन्द्रित व्यक्तिवाद पनि हो । यसमा कुनै सुझबुझ अघि हेर्ने र बुझ्ने हुँदैन । आदेशका भरमा सब काम हुने गर्दछ । आज यो सरकार र यसका प्रधानमन्त्री बालेन साथै उनका केही आसेपासे नेता कार्यकर्ता र मन्त्री सबको गतिविधि यसैमा आधारित छ । सरकार बनेको लगत्तै यो सरकार र यसका दल नेताहरुले सय बुँदे आगामी कार्य-योजना अघि सारेको बताएका छन् । ती सबैको एकएक गरी यहाँ चर्चा गर्नु सम्भव छैन । विस्तारै ती सबको पनि चर्चा हुँदै जानेछ । अहिलेलाई यो सरकारले अब कार्यान्वयन गर्ने भनेका दुईवटा विषयमा केही चर्चा गरौं ।

उक्त कार्ययोजना अनुसार अब नेपालमा पेशागत संगठन ट्रेड युनियन र विद्यार्थी संगठन स्ववियु आदि सबको खारेजी गर्ने भनिएको छ । यसको बारेमा एउटा जमात जुन २०४५/०४६ सालको जनआन्दोलनपछि जन्मेर हुर्केको छ साथै हालको जनेजी जमातले यसको स्वागत गरिरहेको छ भने अर्को जुन केही पुरानो पुस्ता छ, जसले यी संगठन निर्माणका लागि जुन बलिदान गरेर आयो त्यसले यसको विरोध गरिरहेको छ । स्वयं म पनि यी संगठन निर्माणका लागि ठूलो त्याग, तपस्या र बलिदान गर्दै आएकोले सरकारको यो कदमप्रति घोर विरोध र निन्दा गर्न चाहान्छु । स्मरण रहोस् म पूर्व अनेरास्ववियु छैठौंको निरंकुश र तानाशाही पञ्चायती शासनकालको केन्द्रीय अध्यक्ष रही लामो समयसम्म काम गरी आएको एउटा विद्यार्थी नेता हुँ । यस अर्थमा पनि यस प्रकारको निरंकुश कार्य योजनाको विरोध गर्नु मेरो कर्तव्य र दायित्व भएको स्वाभाविक छ । पञ्चायती निरंकुशता र शाही शासनसत्ता नै नभोगेकाहरुलाई त्यसको महत्व र आवश्यकताको के बोध ? न यिनीहरुलाई पुरानो इतिहासको ज्ञान छ न यिनीहरुलाई त्यस्ता संगठनकहरुको गतिविधि र आवश्यकताप्रति नै ख्याल छ । खाली अन्तर्राष्ट्रिय मिडिया फेसबुक र त्यसबाट सञ्चालित गतिविधिका आधारमा चल्नेहरुलाई त्यो भए भइहाल्यो । विश्व साम्राज्यवादहरुकै आधारमा सब सञ्चालित हुने गरेको छ । दुनियाँ संसार नै त्यही मात्र उनीहरुले बुझेका छन् । तर हरेक संगठन, युनियनको आ-आफ्नै गौरवमय इतिहास छ जसले यो देशको भविष्य निर्माणका लागि ठूलो महत्वपूर्ण योगदान छ । स्वयं विद्यार्थी युनियन र त्यसका नेता कार्यकर्ताहरुको त्यसप्रकारको तपस्या र बलिदान राणा शासन कालदेखिकै पुरानो इतिहास छ । जयन्तु संस्कृतम् रानी पोखरीस्थित संस्कृत पाठशालाबाट उठेको त्यो विद्यार्थी आन्दोलनले त्यसबेला निरंकुश राणा शासकको सत्तालाई हलाइदिएको गौरवमय पुरानो इतिहास छ ।

यस्तै पञ्चायतीकालका विभिन्न विद्यार्थी आन्दोलनको साथमा २०३५।०३६ सालको संयुक्त विद्यार्थी आन्दोलनले निरविकल्प भनिएको पञ्चायती व्यवस्थालाई घुंडा टेकाई तत्काल राजा वीरेन्द्रलाई विकल्पमा बहुदल कि निर्दल के मान्ने २०३६ सालमा जनमत संग्रह नै गर्न बाध्य पारिएको थियो । त्यही विद्यार्थीहरुको आन्दोलनको जगमा पछि २०४५/२०४६ सालको संयुक्त संघर्षद्वारा पञ्चायती व्यवस्थालाई नै ढालेर संसदीय बहुदलीय व्यवस्थाको थालनी भएको थियो । त्यस्तै २०५२ सालबाट थालनी भएको १० वर्षे माओवादी जनयुद्ध र त्यसको जगमा थालनी भएको २०६२/०६३ सालको संयुक्त जनआन्दोलनले त निरंकुश ज्ञानेन्द्र शाही सत्तालाई ढालेर अहिले चालु यो संघीय गणतन्त्र नेपाल स्थापना भएको छ । तर आज यही गणतन्त्रको जगमा बसेर यही गणतन्त्रको स्थापना र यसको विकास र समृद्धिको लागि ठूलठूला योगदान पुऱ्याउँदै आएका यस्ता ट्रेड युनियन र संगठनहरु हटाउने वा प्रतिबन्ध लगाउने यो वर्तमान बालेन सरकारको निर्णयले आम देशभक्त जनवादी सबै पार्टी, युनियन र संगठनहरुप्रति ठूलो गद्दारी हुँदैछ । स्वयं वर्तमान संविधानकै खिलापमा यो छ । त्यसैले अन्त्यमा वर्तमान यो सरकारका यी सबै अलोकतान्त्रिक कदमको विरुद्ध सब एकजुट होऊ । पुनः देशलाई पञ्चायती महेन्द्र निरंकुशमा बदल्ने रास्वपा र बालेन सरकारप्रति अहिलेदेखि नै खबरदारी गर्दै हिजो भएका हरेक विद्यार्थी र ट्रेड युनियनको आन्दोलन र संघर्षको स्मरण गराउँदै सबै सचेत बनौं ।

# लगातार हाई आउनु हुनसक्छ, गम्भीर रोगको लक्षण

मानिसहरूलाई थकान महसुस हुँदा वा निद्रा लाग्दा हाई आउँछ । हाई आउने हाम्रो शरीरको सामान्य प्रक्रिया हो । विभिन्न अध्ययनहरूका अनुसार एक व्यक्तिले एक दिनमा सामान्य रूपमा ५ देखि १९ पटकसम्म हाई काढ्न सक्छ ।

तर केही व्यक्तिहरूले असामान्य रूपमा एक घन्टामै १०० पटकभन्दा बढी हाई काढ्ने गरेको पाइन्छ, जुन असामान्य मानिन्छ । बढी हाई गर्नु गम्भीर रोगको संकेत हुन सक्ने विज्ञहरू बताउँछन् । यसले स्वास्थ्यसम्बन्धी गम्भीर समस्याको संकेत गर्न सक्छ ।

**हाई सामान्यतया किन आउँछ ?**

**पर्याप्त निन्द्रा नहुनु**

सबैभन्दा सामान्य कारण यही हो । राति राम्रोसँग निद्रा नपुग्दा दिनभरि हाई आउँछ ।

**थकान र तनाव**

धेरै मानसिक वा शारीरिक थकान हुँदा शरीरले आराम चाहेको संकेत दिन्छ ।

**अक्सिजन कमी**



कहिलेकाहीँ शरीरमा अक्सिजन कम हुँदा पनि हाई आउन सक्छ ।

**स्लीप डिसअर्डर**

निन्द्रामा सास रोकिने समस्या हुँदा बारम्बार हाई आउने हुन्छ ।

**मस्तिष्क वा स्नायु सम्बन्धी समस्या**

दुर्लभ अवस्थामा मस्तिष्कसम्बन्धी समस्या वा न्युरोलोजिकल अवस्थाले पनि यस्तो हुन सक्छ ।

डा. सन्देश पन्तका अनुसार यदि लगातार लामो समयसम्म कसैलाई हाई आइरहेको छ भने यसलाई सामान्य थकान मात्र भनेर बेवास्ता गर्नु हुँदैन । यसले निन्द्राको समस्या, मानसिक तनाव वा कहिलेकाहीँ अन्य स्वास्थ्य समस्या पनि संकेत गर्न सक्छ ।

त्यस्तै, धेरै हाई आउनेहरूमा डाइबिटिज, स्लीप एपनिया र मुटुसम्बन्धी रोग पनि हुन सक्छ । कसैलाई दिनभर हाई आउँछ भने मधुमेहको सुरुवाती संकेत हुन सक्छ। रगतमा ग्लुकोजको मात्रा कम हुँदा पनि हाई आउन सक्छ । त्यसैले लगातार हाई आइराख्यो भने घरमै निको होला भनेर बस्दा थप समस्या बढ्न सक्छ। तुरुन्त जाँच गर्नु आवश्यक हुन्छ ।

यी लक्षणसँगै हाई आइरहेमा चिकित्सकसँग परामर्श गर्नुपर्छ ।

दिनभरि अत्यधिक निन्द्रा लाग्नु ।

टाउको दुख्ने वा चक्कर लाग्ने ।

सास फेर्न गाह्रो हुनु ।

यदि तपाईंलाई लगातार धेरै दिनदेखि अत्यधिक हाई आइरहेको छ भने, एक पटक स्वास्थ्य जाँच गराउनु नै सुरक्षित हुन्छ ।

स्वास्थ्य खबरबाट

# व्यवसाय व्यवस्थापन तालिम सम्पन्न



बुटवल । रुपन्देही व्यापार संघको आयोजनामा एक दिने व्यवसाय व्यवस्थापन तालिम सम्पन्न भएको छ। संघअन्तर्गतका विभिन्न वस्तुगत उप-समितिहरुलाई लक्षित गरी संघको सचिवालयमा तालिमको आयोजना गरिएको हो।

संघअन्तर्गत हार्डवेयर, औषधि, क्याम्पसन, पुस्तक तथा स्टेशनरी, व्याग, जुत्ताचप्पल, कस्मेटिक तथा गिफ्ट, पोल्ट्रीजन्य, सुनचाँदी, अटोमोवाइल्स, किराना, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स, महिला उद्यमी, डिलर्स, फेन्सी, गल्ला तथा खाद्यन्न, सूचना प्रविधि, कृषि, युवा उद्यमी, होजियारी, अन्तरदेशीय व्यापार समन्वय, थान कपडा, होटल तथा रेष्टुरेण्टलगायत उपसमितिबाट प्रतिनिधिमूलक सहभागितामा तालिम सम्पन्न भएको संघका सचिव एवं कार्यक्रम संयोजक वृन्दा भट्टराई आचार्यले बताइन्।

तालिमको उद्घाटन गर्दै प्रमुख अतिथि संघका पूर्व अध्यक्ष पदमप्रसाद श्रेष्ठले वर्तमान् परिस्थितिमा व्यावसाय सञ्चालनमा व्यावहारिक ज्ञान र सिपको विकास गर्नेतर्फ ध्यान दिँदै प्रतिष्पर्धात्मक व्यवसाय सञ्चालनमा तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्नुपर्ने कुरामा जोड दिए।

संघका का.वा. अध्यक्ष दयानिधि भण्डारीले संघले आफ्ना व्यावसायी सदस्यहरुको क्षमता अभिवृद्धिका लागि आवश्यकताअनुसार तालिम गोष्ठी, अन्तर्क्रिया प्रशिक्षणहरु आयोजना गर्दै जाने बताए। व्यवसाय व्यवस्थापन तालिमको संघका सल्लाहकार मुकुन्द ज्ञवालीले सहजीकरण गरेका थिए।

संघका का.वा.अध्यक्ष दयानिधि भण्डारीको अध्यक्षता, महासचिव प्रकाशराज पौडेलको संचालन, कार्यक्रम संयोजक एवं सचिव वृन्दा भट्टराई आचार्यको स्वागतमा सम्पन्न थियो। तालिममा विभिन्न वस्तुगत उपसमितिहरुबाट प्रतिनिधिमूलक तरिकाले सहभागिता रहेको थियो।

# पचपन्न लाख लागतमा खेलमैदान निर्माण

म्याग्दी। मालिका गाउँपालिका-६ डाँडागाउँमा पाखो सम्माएर हिमाली युवा क्लबको सामुदायिक भवन र खेलमैदान निर्माण भएको छ।

रु ५५ लाख ६५ हजार ५५५ को लागतमा भवन र खेलमैदान निर्माण भएको हो। सरकारी निकायको अनुदानको तुलनामा दोब्बर बढी समुदायस्तरबाट सहयोग र श्रमदान जुटाएर खेलमैदान र भवन निर्माण गरिएको क्लबका अध्यक्ष टुकमान जुग्जालीले जानकारी दिए।

"खेलमैदान र भवन निर्माण भएको ठाउँ यसअघि भिरालो पाखा थियो", उनले भने-"डोजर लगाएर करिब ६० मिटर जमिन खारेर डिलमा पर्खाल बनाएर सम्माइएको हो।" ६३ मिटर लम्बाइ र ३२ मिटर चौडाइ भएको खेलमैदान निर्माण भएको हो।

खेलमैदानको परिसरमा दुई कोठे भवन, 'स्टेज' र सार्वजनिक शौचालयसहितको भवन निर्माण भएको छ।

डाँडागाउँमा यसअघि खेलमैदान नहुँदा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्न समस्या भएको थियो। सामुदायिक भवनमा भेला, बैठक, तालिम, गोष्ठी, सभा, समारोह र भोजभतेर सञ्चालन गर्न सहज भएको छ। क्लबले १५ वर्षअघि सुरु गरेको खेलमैदान निर्माण कार्यले अहिले पूर्णता पाएको हो।

मालिका गाउँपालिकाबाट रु १७ लाख र गण्डकी प्रदेश सरकारबाट रु १२ लाख सहयोग प्राप्त भएको खेलमैदान र भवन निर्माणका लागि हिमाली युवा क्लबले रु चार लाख ७६ हजार बराबरको श्रमदान र फुलपाती आमा समूहले रु तीन लाख नगद सहयोग गरेका छन्।

सुवास गर्बुजा, सविन पुन, रविन पुन, डाइमण्ड जुग्जाली, अमृत जुग्जाली, इन्द्र पुन, चकबहादुर पाइजा, सुरज जुग्जाली, चित्र पाईजा, गमबहादुर जुग्जाली, मन्दीप/सन्दीप/रघु जुग्जाली र लकमन पुनले रु एक/एक लाख सहयोग गरेको क्लबका सचिव रोहन जुग्जालीले जानकारी दिए।

रत्नसिंह गर्बुजाले रु ५५ हजार ५५५, माइकल पाईजा, सुर्ज/रेशम जुग्जाली, तिर्थमान/सज्जन जुग्जाली, नारायण जुग्जाली, रुविन जुग्जाली, जीवन पुनले रु ५०/५० हजार, कर्ण जुग्जालीले रु ३१ हजार, प्रवीन रानाले ३१ हजार, खिमबहादुर जुग्जालीले रु १७ हजार र रमेश पाईजाले रु पाँच हजार सहयोग गरेको क्लबले जनाएको छ।

खेलमैदानको गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली र भवनको मालिका गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी घर्ती पुनले बुधबार उद्घाटन गरेका हुन्। कार्यक्रममा सांसद जुग्जालीले ग्रामीण क्षेत्रमा पूर्वाधार विकासले तीव्रता पाए पनि जनसंख्या घट्नु र बसाइँसराइ बढ्नु चुनौती बनेकोमा चिन्ता व्यक्त गर्दै पर्यटन र कृषिमा आधारित उद्यम, व्यवसायमा लाग्न सुझाव दिए।

भवन र खेलमैदान उद्घाटनका साथै नयाँ वर्षको अवसरमा क्लबका संस्थापक कासिराम जुग्जाली स्मृति प्रथम कप आयोजना गरिएको छ। भलिबल, फुटसललगायतका प्रतियोगिता सञ्चालन हुने क्लबले जनाएको छ। शुभारम्भ कार्यक्रममा सहयोगदातालाई सम्मान गरिएको थियो।

रूपन्देही सुपरलिगः

# सैनामैनाको पहिलो जित




भैरहवा। सैनामैना क्रिकेट क्लबले भैरहवामा जारी २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत 'बी' डिभिजनको खेलमा पहिलो जित निकालेको छ। बिहीबारको खेलमा प्रोफेसनल मास्टर्स-११ लाई ७६ रनले पराजित गर्दै उसले जारी प्रतियोगितामा पहिलो जित हात पारेको हो।

सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको सैनामैनाले ४८ ओभरमा ९ विकेटको नोक्सानीमा १ सय ८५ रन बनायो। उसका लागि अप्सन गैरेले ३८, सुनिल पौडेलले २९, गणेश घिमिरेले २६, मनिष क्षेत्रीले २०, निश्चल क्षेत्रीले १९ र किरण भट्टराईले १२ रन बनाए। बलिङमा प्रोफेसनलका करण यादवले ३, सोइब हसन मुसलमान र समिर कंडेलले २-२ तथा मनसन सिंह र निरज मौर्यले १-१ विकेट हात पारे।

जवाफी ब्याटिङ गरेको प्रोफेसनलले ३३ ओभर २ बलमा सबै विकेट गुमाउँदै १ सय ९ रन मात्रै बनायो र हार व्यहोर्यो। उसलाई सस्तैमा रोक्न बलिङमा सैनामैनाका किरण भट्टराई र निश्चल क्षेत्रीले ३-३, सुनिल पौडेलले २ तथा अप्सन गैरे र विक्रम गौतमले १-१ विकेट लिए। प्रोफेसनलका समिर कंडेलले २६, विक्की सुनारले १३, सार्थक धिताल र करण यादवले समान १२-१२ तथा अजय रसाइलीले ११ रन बनाए। खेलमा अप्सन गैरे प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद एक लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएका छन्। यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले समान पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन्। यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पाउने खेल संयोजक प्रथम पराजुलीले बताए।

प्रतियोगिताको विजेता पुरस्कार माउण्ट एभरेष्ट कत्था मिल, उपविजेता पुरस्कार विके ज्वेलर्स, भैरहवा, म्यान अफ द म्याचको पुरस्कार सिद्धार्थ उद्योग बाणिज्य संघले प्रायोजन गरेको छन्।

यस्तै, म्यान अफ द सिरिजको पुरस्कार होटल स्टार होलिडे, बेस्ट व्याटर र बलरको पुरस्कार युवा व्यवसायी रविकुमार रौनियार, उदयीमान खेलाडीको पुरस्कार प्रतीक ट्रेड लिंक र म्याच अवधिभर बलको प्रायोजन व्यवसायी अमित गुप्ताले गरेका छन्। प्रतियोगितामा 'ए' र 'बी' डिभिजन गरी २० टीमको सहभागिता छ।

## आयोगमा...

आयोगको प्रशासनिक खर्च वार्षिक ७० देखि ७२ करोड र आम्दानी करिब डेढ अर्ब हुने गरेको आयोगको तथ्यांक छ। यसबाहेक भूमि समस्या भएका पालिकाहरुले करारमा कर्मचारी राखेर आफ्नो स्रोतबाट खर्च गरिरहेका छन्। जिल्लास्तरीय आयोगमा सरकारले गर्ने राजनीतिक नियुक्तिबाट ४ जना पदाधिकारी र ५ जना कर्मचारी गरी ९ जना हुन्छन्।

रुपन्देही अध्यक्ष थापाका अनुसार आयोगले फटाफट काम गरेर लालपूर्जा वितरणसम्म पुग्न खासगरी स्थानीय तहको अग्रसरता र जिल्लामा आयोगको सदस्य सचिव रहने नापी अधिकृतको भूमिका महत्वपूर्ण हुन्छ। 'पालिकाको नेतृत्व र नापी अधिकृतहरुले छिटो र सहजरुपमा नागरिकलाई लालपूर्जा दिनुपर्छ भन्नेमा सकारात्मक भएर तदारुकताका साथ काम अघि बढाउने हो भने समस्या हुँदैन, तर उनीहरु नकारात्मक भए भने कामै अघि बढ्दैन, बैठक नै बस्न सक्दैन,' अध्यक्ष थापाले भने-'अहिले रुपन्देहीको हकमा आयोगका सदस्य सचिवको भूमिका सकारात्मक छैन, तर केही जिल्लाका आयोगका सदस्य सचिव सकारात्मक भएकाले काम अघि बढेको पनि छ।'

विगतमा दशकौंसम्म लालपूर्जा बाँड्न नसकिएको सत्य भए पनि यो सरकारभन्दा अघिको सरकारको पालामा लालपूर्जा दिनेगरी काम भएको तर बीचैमा सरकार ढलेकाले रोकिएको थापाले बताए।

'एउटा सरकारको पालामा सबै तथ्यांक संकलन र प्रक्रिया पूरा गरेर लालपूर्जा बाँड्न मात्र बाँकी रहेका बेला सरकार ढल्छ अनि अघिल्लो सरकारले गरेका विधि प्रक्रियासम्मत कामलाई नयाँ सरकारले निरन्तरता दिनुपर्नेमा अर्को दललाई जस जान्छ भनेर आयोग नै विघटन गर्ने परिपाटी रोकिनुपर्छ र मात्रै यो समस्याको दीगो समाधान हुन्छ,' थापाले औंल्याए-'राजनीतिक स्वार्थका कारण भएका काम र निर्णय उल्ट्याउने परिपाटीले लालपूर्जा वितरणमा अवरोध हुने गरेको छ, यो दुखद छ।'

पञ्चायतकालदेखि हालसम्म बनेका करिब डेढ दर्जन आयोगमार्फत् लगभग १ लाख ५० हजार परिवारलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा दिइसकेको तथ्यांक मन्त्रालयका अभिलेखमा देखिन्छ। तर २०७२ पछि संवैधानिक आयोगका रुपमा गठित आयोगले तीन जना अध्यक्षको कार्यकालसम्म आइपुग्दा ८०७४ जनालाई मात्र लालपूर्जा बाँडेको छ। पहिलो अध्यक्ष देवीप्रसाद ज्ञवालीको पालामा ऐन कानुन बनाउने काम मात्र भएकाले लालपूर्जा वितरण हुन नपाएको, त्यसपछि नेपाली कांग्रेसको कोटाबाट नियुक्त केशवराज निरौलाको कार्यकालमा ६२६ जना भूमिहीन दलित, ५३६ जना सुकुम्बासी, १९७ जना अव्यवस्थित बसोबासी र बाँकी काम सूचिका ३२२७ जना गरी ४ हजार ५८६ जनालाई लालपूर्जा वितरण गरेको हालका अध्यक्ष रिजालले जानकारी दिए।

रिजालको पालासम्म आइपुग्दा अपुरा-अधुरा ३ हजार ६८१,अव्यवस्थित २५००, भूमिहीन सुकुम्बासी ९९९ र भूमिहीन दलित ८९४ जना गरी ८०७४ जनाले लालपूर्जा पाएका छन्। रिजालको पालामा मात्रै ३ हजार ४ सय ८८ जनाले लालपूर्जा पाएका छन्।

**यो आयोग अन्तिम हो : अध्यक्ष रिजाल**

भूमि समस्या समाधान आयोगका केन्द्रीय अध्यक्ष हरिप्रसाद रिजालले भूमिहीन, सुकुम्बासी र अव्यवस्थितलाई पहिचान गरेर उनीहरुलाई जग्गाधनी प्रमाण (लालपूर्जा) दिएर जग्गाको मालिक बनाउने आयोगको उद्देश्य भए पनि सरकार फेरबदल, लामो प्रकृयागत झन्झट र कर्मचारीको असहयोगका कारण यो समस्या वर्षौंसम्म समाधान हुन नसकेको स्वीकारे।

हालसम्म विभिन्न नाममा डेढ दर्जन आयोग गठन भए पनि २०७२ को संविधान पछि बनेका तीन वटा आयोग मात्रै संवैधानिक आयोग भएको उनले बताए। विगतका आयोगहरु गठन आदेशका आधारमा बनेका र उनीहरुले वितरण गर्ने लालपूर्जाको कानूनी वैधता र गर्ने निर्णयहरु को कानूनी नभएको रिजालले बताए। अहिलेको आयोग अन्तिम भएकाले यसले तीन वर्षभित्रमा वा नसके दुई वर्ष थप गर्न सकिने अवधिभित्र भूमि सम्बन्धी समस्या समाधान गर्नुपर्ने कानूनी वाध्यता रहेको रिजालले बताए।

'पञ्चायतकालदेखि हालसम्म १८-१९ वटा आयोग बनेको इतिहास छ तर २०७२ को संविधानपछि बनेका तीन वटा आयोगहरु मात्रै संवैधानिक र कानूनी वैधताप्राप्त आयोग हुन्,' रिजालले भने -'यो अन्तिम आयोग हो, यसपछि अर्को आयोग बन्ने कल्पना कानुनले गरेको छैन, तसर्थ अहिलेको आयोगले भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पत्र (लालपूर्जा) दिएर यो समस्या सधैँका लागि अन्त्य गर्नुपर्ने दायित्व छ।' जेनजी आन्दोलनका नाममा भूमि समस्या समाधान आयोगका विभिन्न जिल्लाका कार्यालयहरुमा आगजनीबाट कागजात नष्ट भए पनि ती सबै विवरणहरु कम्प्युटरमा पनि प्रविष्ट भइसकेकाले कागजातको भरपाई पनि ठूलो समस्या नहुने रिजालले प्रष्ट पारे।

**'शुरुमा २० देखि २५ खर्ब र हरेक वर्ष एक अर्ब नियमित आम्दानी'**

भूमि तथा आवासको हक नागरिकको मौलिक हक भए पनि राज्यले यो अधिकार उपभोग गर्नबाट नागरिकलाई वर्षौंसम्म वञ्चित गर्नु गलत र संविधानकै बर्खिलाप भएको रिजालको तर्क छ। यो समस्या समाधान गरी सुकुम्बासी र अव्यवस्थितलाई जग्गाधनी पूर्जा वितरण गर्दा प्राप्त हुने राजस्वबाट सरकारले एकैपटक २० देखि २५ खर्ब आम्दानी गर्ने अध्यक्ष रिजाल बताउँछन्। त्यसपछि हरेक वर्ष एक अर्ब हाराहारी कर आम्दानी लिन सकिने उनले बताए। 'यो समस्या समाधान गर्दा राज्यले शुरुमा २० देखि २५ खर्ब र हरेक वर्ष एक अर्बका दरले नियमित आम्दानी गर्न सकिने देखिन्छ, यसबाट राज्यलाई आर्थिकरुपमा धेरै ठूलो योगदान हुन्छ,' रिजालले भने-'लालपूर्जा पाएपछि लाखौं परिवारले राज्यले बल्ल आफूहरुलाई नागरिकका रुपमा स्वीकारेको अपनत्व महसुस गर्छन्, घर जग्गा धितो राखेर बैंकबाट कर्जा लिन पाउंछन्, त्यसले अर्थतन्त्र चलायमान, उत्पादन बृद्धि र रोजगारी सिर्जना पनि हुन्छ, त्यसैले यो समस्या समाधानमा सबै दल र कर्मचारी प्रशासन सकारात्मक हुन जरुरी छ।'

आफ्नो कार्यकालमा भूमि समस्या समाधानमा वाधक देखिएको भूमि ऐन संशोधनका लागि २८ वटा सुझाव दिएर सोहीअनुसार प्रतिनिधिसभाबाट पारित भएको र राष्ट्रिय सभामा ऐन संशोधनका लागि पेश हुन दुई दिन बाँकी रहेका बेला भदौ २३ र २४ को जेनजी आन्दोलन पछि संसद विघटन भएकाले निकै ठूलो मेहनत खेर गएको अध्यक्ष रिजालले खुलाए। 'अब नयां संसद गठन भएपछि फेरि कसरी यो काम अघि बढ्छ हेर्न बांकी छ, तर नयां संसदले यो समस्या समाधानलाई प्राथमिकता नदिएर अझै लम्बाउने हो भने लाखौं अव्यवस्थित बसोबासीहरु ठूलो आन्दोलनमा जाने खतरा छ।'-रिजालले औंल्याए। हालसम्म ८९४ भूमिहीन दलित,९९९ सुकुम्बासी, २५ सय अव्यवस्थित बसोबासी र ३ हजार ६८१ अपूरा,अधुरा गरी ८०७४ जनालाई जग्गाधनी प्रमाण पूर्जा वितरण गरिएको रिजालले जानकारी दिए।

**एक हजार दिनभित्र समाधान : नयाँ सरकार**

गत फागुन २१ को चुनावमा झण्डै दुई तिहाईको वहुमत पाएको रास्वपा नेतृत्वको सरकारका प्रधानमन्त्री बालेन्द्र शाहले एक हजार दिनभित्र भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पत्र (लालपूर्जा) दिएर यो समस्या समाधान गर्ने प्रतिबद्धता गरेका छन्। यसअघि गठबन्धन सरकार हुने गरेका कारण दलहरुबीचको राजनीतिक स्वार्थ र दाउपेचले बल्झिँदै आएकोमा अब रास्वपाको बलियो सरकारले यो समस्या समाधान गर्ने लक्षित वर्गको अपेक्षा छ। धेरै काम ओली नेतृत्वको सरकारले गरिसकेकाले अहिलेको सरकारलाई लालपूर्जा वितरण गर्न धेरै सहज हुने सरोकारवालाहरु बताउँछन्।

## ओली...

अनुसन्धानका कतिपय विषय पनि सकिएको सर्वोच्च अदालतमा पेश गरेको फाइलबाट देखिएको आदेशमा भनिएको थियो।

अघिल्लो साता नै दुवै जनालाई बयान लिइसकेको थियो। अब बाँकी अनुसन्धान प्रहरीले उनीहरूलाई थुनाबाहिरै राखेर गर्नु पर्नेछ। गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले ओली र लेखकसहितलाई मुलुकी अपराध संहिता २०७४ को दफा १८१ र १८२ अनुसार कारबाही गर्न सिफारिस गरेको छ।

आयोगले यस्तै कारबाही गर्न सिफारिस गरेका तत्कालीन प्रहरी प्रमुख चन्द्रकुवेर खापुङलाई भने सरकारले कारबाही अगाडि नबढाउने भएको छ। दफा १८२ अनुसार कारबाही सिफारिस भएका काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई पक्राउ गरेर त्यसै दिन छाडिएको थियो।

तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडीमाथि पनि कारबाही अगाडि बढेको छैन। सरकारले कर्मचारी र प्रहरीलाई छाडेर दुई जना नेतालाई मात्रै कारबाही अगाडि बढाएको भन्दै सम्बद्ध दलले विरोध गरिरहेका छन्। उनीहरूविरुद्ध ज्यानसम्बन्धी कसुरमा मुद्दा चलाउन पर्याप्त प्रमाण नभएपछि बयान कागजबाहेक कुनै पनि प्रमाण प्रहरीले जुटाउन सकेको थिएन। न त कुनै जाहेरी नै दर्ता भएको थियो।

'छानबिन प्रतिवेदन आफैँमा जाहेरी हो' भन्ने अर्थ लगाएर मुद्दा चलाउन खोजिएको थियो। तर, त्यस्तो मानकलाई अभियोजनकर्तादेखि न्यायालयसम्मले साथ दिएनन्। प्रहरीका पूर्वडीआइजी हेमन्त मल्ल कानुनी आधार र अभ्यासलाई नजर अन्दाज गरी सरकारले पुर्वाग्रह सांधेर गिरफ्तार गर्दा यस्तो अवस्था आएको बताउँछन्।

### श्री चिसापानी सामुदायिक वन उपभोक्ता समूह

बर्दघाटन.पा.-२,नवलपरासी (ब.सु.प.)

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

प्रथम पटक प्रकाशन मितिः २०८२/१२/२७ गते

यस श्री चिसापानी सामुदायिक वन उपभोक्ता समूह, बर्दघाटन.पा.-२, नवलपरासी (ब.सु.प.)को वनमा ढलापडा र पुनरोउत्पादन कटान र कालीगण्डकी कोरीडोर २२० के.भी. प्रसारण लाईनको कटान बाट उत्पादन भै बर्दघाट न.पा.-२, नवलपरासी (ब.सु.प.)को घाट्गद्दीमा लट बनाई राखिएको विभिन्न ग्रेडको असना जातको गोलिया थान-६९ को १०२८.३० क्यू. फीट र साल जातको गोलिया थान-११७ को ९४०.१५ क्यु.फिट गरि कुल गोलिया थान - १८६ को १९६८.४५ क्यू.फीट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन मिति २०८३/०१/१८ गतेभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यो सुचनासँग सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

**होम बहादुर गुरुङ्ग**
**अध्यक्ष**

अनुसुची-९
(नियम ९ को उपनियम (१) संग सम्बन्धित

### वातावरणिय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सुचना

लम्बिनी प्रदेश अर्घाखाँची जिल्ला भुमिकास्थान नगरपालिका/सन्धिखर्क नगरपालिका/छत्रदेव गाउँ पालिकामा कार्यान्वयन गरिने जिल्लाका विभिन्न १६ वटा सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट खोटो संकलन सम्बन्धि प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सम्बन्धमा

**सार्वजनिक सुचना**

प्रकाशन मिति २०८२।१२।२७

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | (क) नाम : माउन्ट रोजिन एण्ड टरपेन्टाईन ई.प्रा.लि.<br>(ख) ठेगानाः तिलोत्तमा-१६ रुपन्देही<br>(ग) ईमेलः mount.rosi@gmail.com वेवसाइट<br>(घ) फोन नं./फ्याक्सः ०७१-५६०५५५/०७१-५६२७२२ |
| प्रस्तावको व्यहोरा | (क) कार्यान्वयन हुने स्थानः भुमिकास्थान-४, ६ र ८,सन्धिखर्क-१र ८ र छत्रदेव ३,४ र ५<br>(ख) चार किल्लाः सामुदायिक वनहरुको चार किल्ला<br>(ग) प्रस्तावको बारे समान्य जानकरीः भुमिकास्थान,सन्धिखर्क र छत्रदेव क्षेत्रभित्र पर्ने विभिन्न १६ वटा सामुदायिक वनबाट खोटो संकलन गर्ने पर्ने भएकोले<br>(घ) लगानिको किसिमः नीजि |
| प्रभाव पर्ने/पर्न सक्ने जिल्ला/न.पा/गा.पा | अर्घाखाँची जिल्लाः भुमिकास्थान-४, ६ र ८,सन्धिखर्क-१र ८ र छत्रदेव ३,४ र ५ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न न.पा./गा.पा. तथा अन्य क्षेत्रमा विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सुचना जारी गरीएको छ। यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सुचना टाँस भएको निकाय वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः माउन्ट रोजिन एण्ड ट/पेन्टाइन ई.प्रा.लि ठेगानाः तिलोत्तमा-१६ रुपन्देही<br>फोनः ०७१-५६०५५५/०७१५६२७२२ इमेलः mount.rosin@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | नामः बिहानी मल्टिसेवा ठेगानाः दाङ फोनः ९८६७८६३१७७<br>इमेल:bihanimultisewa@gmail.com |

अनुसुची-९
(नियम ९ को उपनियम (१) संग सम्बन्धित

### वातावरणिय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सुचना

लम्बिनी प्रदेश अर्घाखाँची जिल्ला शितगंगा नगरपालिकमा कार्यान्वयन गरिने जिल्लाका विभिन्न ७ वटा वनक्षेत्र भएर बहने खोलाहरुबाट नदिजन्य पदार्थ संकलन सम्बन्धि प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सम्बन्धमा

**सार्वजनिक सुचना**

प्रकाशन मिति २०८२।१२।२७

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | (क) नाम : डिभिजन वन कार्यालय.<br>(ख) ठेगानाः सन्धिखर्क अर्घाखाँची<br>(ग) ईमेलः dfoargakhanchi@gmail.comवेवसाइट dfoargakhanchi.lumbini.gov.np<br>(घ) फोन नं./फ्याक्सः ९८५७०६३६११ |
| प्रस्तावको व्यहोरा | (क) कार्यान्वयन हुने स्थानस्लुंग्री खोला,घौवा खोला,गुडरुङ खोला,कोन्द्रखोला,धिरीखोला,कोन्द्रेखोला, बहबेलखोला र सुकबेल<br>(ख) चार किल्ला : खोलाहरुको चार किल्ला<br>(ग) प्रस्तावको बारे समान्य जानकरीः शितगंगा नगरपालिका वडा नं ११,१२ अन्तर्गतका वन क्षेत्र भएर बग्ने खोलाको बगर क्षेत्रको बहाव व्यवस्थापन तथा नदिजन्य पदार्थको संकलन कार्य<br>(घ) लगानिको किसिमः सरकारी |
| प्रभाव पर्ने/पर्न सक्ने जिल्ला/न.पा/गा.पा | अर्घाखाँची जिल्ला स्शितगंगा नगरपालिका वडा नं ११, १२ अन्तर्गतका |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष, सामाजिक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न न.पा./गा.पा. तथा अन्य क्षेत्रमा विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सुचना जारी गरीएको छ। यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सुचना टाँस भएको निकाय वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | (क) नाम : डिभिजन वन कार्यालय.<br>(ख) ठेगानाः सन्धिखर्क अर्घाखाँची<br>(ग)ईमेलःdfoargakhanchi@gmail.comवेवसाइटdfoargakhanchi.lumbini.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | नामः Panchase Bahusewa Pvt. Ltd<br>ठेगाना: बर्दिया Contact No.: ९७७-९८४३७९६४९६<br>E-mail:panchasebahusewa@gmail.com |

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# समुदाय र पालिका सहकार्यमा तिलोत्तमाको सरसफाइमा सुधार

**बीपी गौतम**

*तिलोत्तमा*

रुपन्देहीको तिलोत्तमा नगरपालिकामा सरसफाइ व्यवस्थापनमा देखिएको सुधार अन्य पालिकाहरुका लागि सिकाइको विषय बनेको छ। सडक छेउछाउको फोहोर व्यवस्थापन, नियमित फोहोर संकलन तथा व्यवस्थापन र सचेतनामूलक कार्यक्रमहरूले तिलोत्तमा अन्य पालिकाभन्दा सफा देखिन्छ। तिलोत्तमा सफा हुनुको मुख्य आधार हो, नगरपालिका र समुदायबिचको सहकार्य । २०७९ सालमा जनप्रतिनिधिहरु आएसँगै यहाँ नियमित सरसफाइ अभियान सञ्चालन हुँदै आएको छ । समुदायमा आधारित सरसफाइ अभियान २०८२ चैत १ गतेसम्म आइपुग्दा १५६औं श्रृङ्खलामा पुगेको छ । 'ग्रीन तिलोत्तमा, क्लिन तिलोत्तमा' अभियानलाई प्राथमिकतामा राख्दै प्रत्येक वडामा सरसफाइ व्यवस्थापनलाई व्यवस्थित बनाउन टोल विकास संस्थाहरु क्रियाशील छन्। नगरका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसाल भन्छन्-"नगरलाई सफा राख्न नगरपालिका एक्लैले काम गर्न सक्दैन । समुदायको सक्रिय सहभागिताबिना सरसफाइमा दिगो सुधार सम्भव हुँदैन। त्यसैले हामीले टोल विकास संस्था, आमा समूह र युवाहरूलाई जोडेर कार्यक्रम सञ्चालन गरिरहेका छौं।"

तिलोत्तमलाई 'स्वच्छ, हरित, सुरक्षित र समृद्ध' बनाउने पालिकाको साझा लक्ष्य प्राप्तिका लागि सबै टोल विकास संस्थाहरूबिचको निरन्तर सहकार्य, आपसी विश्वास र साझेदारी सुदृढ रुपमा अगि बढेको उनको भनाइ छ।

तिलोत्तमाका २०२ टोल विकास संस्थाहरूले सरसफाइ अभियानलाई आफ्नो दायित्वका रूपमा लिएका छन्। वडा नं. ८ को दीपनगर टोल विकास संस्थाका अध्यक्ष ओमप्रकाश खनाल भन्छन् - "हामीले महिनामा एक दिन टोलमा अनिवार्य सघन सरसफाइ कार्यक्रम राख्छौं । यसले स्थानीयमा जिम्मेवारीबोध बढाएको छ ।" उनका अनुसार, टोल विकास संस्थाको क्रियाशीलताले फोहोर जथाभावी फाल्ने बानीमा कमी आएको छ। टोलमा जथाभावी फोहोर गर्नेलाई सचेत गराउने, अटेर गर्नेलाई कारवाही गर्नेसम्मका काम टोल विकास संस्थाहरुले गर्दै आएका छन्।

तिलोत्तमामा समुदायमा आधारित सरसफाइ अभियान अघि बढ्दै जाँदा सकारात्मक परिवर्तन देखिएका छन् । पहिले सडक, सार्वजनिक स्थान जता-ततै फोहोर हुन्थ्यो । तर अचेल फोहोर व्यवस्थापनमा ठूलो परिवर्तन आएको छ, तर यो आफैमा पूर्ण भने छैन । समुदाय जागरुक नभएका स्थानमा अहिले पनि फोहोर देखिन्छ । नगरपालिकाका वातावरण शाखाका प्रमुख ई. युवराज पन्थी भन्छन्-"समुदायको पहलकदमीविना नगर सफा हुनै सक्दैन । टोल विकास संस्थालाई प्रोत्साहन गर्ने, सहजीकरण गर्ने र सशक्तिकरण गर्ने काम नगरपालिकाले गर्दै आएको छ । जुन समुदाय जागरुक छ, त्यहाँको सडक, सार्वजनिक स्थान सफा छन् ।"

तिलोत्तमाका सबै वडामा घर, व्यवसायिक प्रतिष्ठान, उद्योगधन्दाबाट निस्कने फोहोर संकलन र व्यवस्थापन गर्न 'डोर-टु-डोर कलेक्सन' प्रणालीलाई व्यवस्थित बनाइएको छ। यसका लागि पालिकाले निजी क्षेत्र तथा सहकारीसँग साझेदारी गरेको छ। नगरपालिकाले फोहोर वर्गीकरणलाई प्राथमिकता दिए पनि त्यो भने अझैसम्म प्रभावकारी भएको छैन । घरमै कुहिने र नकुहिने फोहोर छुट्याउने अभ्यास विस्तार गर्न जनचेतना कार्यक्रम सञ्चालन भैरहेका छ। वातावरण शाखाका हरियाली प्रवर्धन अधिकृत गोरखनाथ खनाल भन्छन्-"दीर्घकालीन समाधानका लागि स्रोतमा नै फोहोर छुट्याउने संस्कार विकास गर्नुपर्छ । त्यसतर्फ हामी केन्द्रित छौं।"

नगरपालिकाले ८ वर्षअघिदेखि 'ग्रिन तिलोत्तमा : क्लिन तिलोत्तमा' अभियानलाई अघि बढाएको छ।

यो अभियानको उद्देश्य केवल सडक सफा गर्नु मात्र होइन, नागरिकको व्यवहारमै परिवर्तन ल्याउनु रहेको नगर प्रमुख रामकृष्ण खाण बताउंछन् । फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने, प्लास्टिकको प्रयोग घटाउने, सार्वजनिक स्थलहरूमा फोहोर नगर्ने र हरियाली प्रवर्धन गर्ने जस्ता लक्ष्य यो अभियानले राखेको खांणले बताए । "सफा सहर बनाउन नागरिकको सोंच पनि बदल्नुपर्छ।

आफूले गरेको फोहोर आफै व्यवस्थापन गर्ने संस्कार विकास सबै नागरिकमा हुनुपर्छ। हाम्रो अभियान त्यसैको निरन्तरता हो," खाँणले भने -'सरसफाइ नगरपालिकाको मात्रै जिम्मेवारी हो भन्ने सोंच बदल्न पालिकाले स्थानीय पाठ्यक्रममा 'माइ पकेट : माइ फष्ट डष्टबिन' लाई समेटेको छ । नगरपालिकाले सरसफाइ सुधारका लागि केवल जनचेतनामै सीमित नरही संरचनागत सुधार पनि गरेको छ। नियमित सफाइका लागि पालिकामा झण्डै ४० जना कर्मचारीहरु क्रियाशील छन्।'

'ग्रिन तिलोत्तमा' को अर्को महत्वपूर्ण पाटो हरियाली प्रवर्धन रहेको उपप्रमुख जगेश्वरदेवी चौधरीले बताइन् । सडक छेउछाउ वृक्षरोपण, पार्क निर्माण, खुला ठाउँहरूको संरक्षण जस्ता कार्यक्रमहरू पनि पालिकामा सञ्चालन भइरहेका चौधरीले जनाइन् । वन, विद्यालय, संघसंस्था र निजी क्षेत्रसँग सहकार्य गरेर वृक्षारोपण अभियानलाई व्यापक बनाइएको उनको भनाइ छ। "हरियालीविना सफा सहर अधुरो हुन्छ । त्यसैले हामीले 'ग्रिन' र 'क्लिन' दुवैलाई सँगै अगि बढाएका छौं," उप-प्रमुख चौधरीले भनिन्-'नियमित सरसफाइ र हरियाली प्रवर्धन अभियान अब अभियानको रुपमा मात्र होइन; हरेक नगरबासीको जीवनशैली र जीवनपद्धतिसँग जोड्ने गरी काम भैरहेको छ।'

तिलोत्तमाले सरसफाइका क्षेत्रमा गरेका कामको उपलब्धि उल्लेखनीय भए पनि चुनौतीहरू पनि छन्। कतिपय स्थानमा अझै पनि अभियानलाई गिज्याउने गरी फोहोर फालेको स्पष्ट देखिन्छ। सबै नगरबासीमा आफ्नो फोहोर आफैं व्यवस्थापन गर्ने बानीको विकास हुन नसकेको तिलोत्तमा ८ का वडाध्यक्ष कृष्ण पौडेलले बताए।

'जथाभावी फोहोर गर्ने, पालिकाको नियमलाई नटेर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न स्थानीय सरकारलाई प्रदत्त कानुनी अधिकार प्रयोग गर्ने संरचनागत व्यवस्था छैन।

अहिले सबैभन्दा बढी फोहोर देखिने गुट्खाजन्य पदार्थका खोल हुन्,' पौडेलले भने-'यसैलाई मध्यनजर गरेर पालिकामा गुट्खाजन्य पदार्थको बिक्रीवितरणमा प्रतिबन्ध लगाइए पनि त्यसलाई कार्यान्वयन गर्न पालिका पूर्ण सक्षम देखिएको छैन, विगतका वर्षहरुमा भन्दा पछिल्ला वर्षहरुमा सरसफाइमा समुदायको सक्रियता घट्दै गएको छ।'

तिलोत्तमाले सरसफाइका क्षेत्रमा प्राप्त गरेको उपलब्धीलाई संस्थागत गर्न पालिका र समुदायको सहकार्य अझै सुदृढ हुनुपर्ने जानकारहरु बताउँछन् । नगरस्तरीय टोल विकास संस्था सञ्जालका संयोजक हरि काफ्ले अभियानलाई दिगो बनाउन सबैको प्रतिबद्धता आवश्यक रहेको बताउँछन्।

तिलोत्तमाको सरसफाइ सुधारको मूल मन्त्र भनेकै साझेदारी, सहकार्य हो । नगरपालिका, टोल विकास संस्था, आमा समूह, युवा क्लब र सर्वसाधारण–सबैको साझा प्रयासले मात्रै परिवर्तन सम्भव भएको छ। सफा सहर बनाउने यात्रा कहिल्यै समाप्त हुँदैन।

यसका लागि निरन्तरता, निगरानी, सचेतना र नवीन सोंच आवश्यक पर्छ। सरसफाइमा तिलोत्तमा मोडलले देखाएको छ–जब समुदाय र स्थानीय सरकार एउटै लक्ष्यका लागि हातेमालो गर्छन्, परिवर्तन सम्भव मात्र होइन, दिगो पनि हुन्छ। तर यसका लागि निरन्तर लगाव, दृढ इच्छाशक्ति र राम्रो गर्नेलाई प्रोत्साहन, नराम्रो गर्नेलाई दण्डको व्यवस्था कडाइका साथ लागू हुनुपर्छ।

# ओमोडा जेको र आइ कारमा ११ वर्षे वारेन्टीको घोषणा




बुटवल । नेपालका लागि ओमोडा जेको र आइकारको आधिकारिक बिक्रेता एसपीजी अटोमोबाइल्स प्रालिले आफ्ना ईभी कारहरुमा ११ वर्षे वारेन्टी घोषणा गरेको छ। ओमोडा जेको र आइ कारका ब्याट्री र मोटर कम्पोनेन्टहरूमा उपलब्ध यो वारेन्टी नेपालकै सबैभन्दा लामो ईभी वारेन्टी कार्यक्रमहरू मध्ये एक हो ।

हाल कम्पनीद्वारा ब्याट्रीको हकमा ८ वर्ष वा १ लाख ८० हजार किलोमिटर र ड्राइभ मोटरमा ८ वर्ष वा १ लाख ६० हजार किलोमिटरको वारेन्टी उपलब्ध थियो । नयाँ ल्याइएको विस्तारित वारेन्टी कार्यक्रमअन्तर्गत, अब यो कभरेज ब्याट्रीको हकमा ११ वर्ष वा २ लाख ४० हजार किलोमिटर र ड्राइभ मोटर एसेम्बलीको हकमा ११ वर्ष वा २ लाख किलोमिटर (जुन पहिले आउँछ) पुऱ्याइएको छ।

विस्तारित वारेन्टीअन्तर्गत, ग्राहकहरूले ट्र्याक्सन ब्याट्री प्याक र ड्राइभ मोटर एसेम्बलीमा हुने प्राविधिक त्रुटिहरूमा पूर्ण कभरेज प्राप्त गर्ने एसपीजी अटोमोबाइल्स प्रालिका निर्देशक गौरव शारदाले बताए।

देशभर १८ भन्दा बढी सेल्स आउटलेट र १५ वटा सर्भिस सेन्टरहरूका साथै द्रुत रूपमा विस्तार भइरहेको सेल्स र चार्जिङ पूर्वाधार नेटवर्कका साथ ओमोडा जेको र आइकार नेपालमा तीव्र गतिमा अघि बढिरहेका ईभी ब्रान्डहरूको रूपमा आफ्नो उपस्थिति बलियो बनाउँदै लगेका प्रालिका बुटवल-भैरहवा शोरुमका म्यानेजर राजीव खनालले बताए।

अद्यावधिक गरिएको वारेन्टी नीतिको बारेमा थप जानकारीका लागि ग्राहकहरूलाई आफ्नो नजिकैको ओमोडा जेको वा आइकार शोरुम वा आधिकारिक सर्भिस सेन्टरमा आउन खनालले अनुरोध गरेका छन्।

# तिलोत्तमामा लैंगिक हिंसाविरुद्धको अभियान सशक्त

**कल्पना तिवारी**

*तिलोत्तमा*

रुपन्देहीको तिलोत्तमा नगरपालिकाले लैंगिक हिंसा न्यूनीकरणका लागि विभिन्न अभियानहरु सशक्त रुपमा अघि बढाएको छ । तिलोत्तमा नगरपालिका वडा नम्बर १० बेबरीस्थित प्रगतिशील महिला विकास बहुउद्देश्य सहकारी संस्थाका अध्यक्ष सीता न्यौपानेले नगरले लैंगिक हिंसाविरुद्धको अभियान प्रभावकारी भएको बताइन् । उक्त सहकारी संस्थासँगको सहकार्यमा तिलोत्तमा नगरपालिकाले लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि सेफ स्पेस सञ्चालनमा ल्याएको छ । जसले लैंगिक हिंसामा परेका महिलाहरुलाई सुरक्षित वातावरण उपलब्ध गराउने काम गर्दछ । नगरमा महिलालाई आत्मनिर्भर बनाउने र हिंसाविरुद्ध आवाज उठाउन सक्षम बनाउने कार्यक्रम सञ्चालन भएका छन् । लैंगिकमैत्री नगरपालिका बनाउन लैंगिक सूचक तयार गरि वडा तहबाट कार्यान्वयनको सुरुवात गरिएको छ।

नीतिगत व्यवस्था, सचेतनामूलक कार्यक्रम र पीडितमैत्री सेवामार्फत् नगरले लैंगिक समानता प्रवर्द्धनमा काम गरिरहेको अध्यक्ष न्यौपाने बताउँछिन्।

नगरले महिला र पुरुषका लागि मात्र नभएर यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय लक्षित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। परम्परागत रुपमा पुरुषले काम गर्ने क्षेत्र मानिएका जोखिमपूर्ण मेसिन संचालन, ड्राइभिङ, मिस्त्री तथा निर्माण कार्यमा संम्लग्न महिलाहरुलाई नगरले सम्मान गर्दै उत्प्रेरणा जगाएको छ । यसरी हरेक क्षेत्रमा महिलाको समान सहभागिता सुनिश्चित गर्दै नगरले लैंगिक हिंसा न्यूनीकरण र महिला सशक्तिकरणलाई प्राथमिकतामा राखेको छ।

तिलोत्तमाले बालबालिकाको क्षेत्रमा पनि २०७६ मंसिर २७ गतेदेखि बालमैत्री स्थानीय शासनको अभ्यास शुरु गरी बालबालिकामाथि हुने सबै प्रकारका हिंसा न्यूनीकरणमा जोड दिएको नगर बाल सञ्जालका पूर्व संयोजक विवेक खड्का बताउँछन्। तिलोत्तमा २०७८ मंसिर २९ गते नेपालकै पहिलो बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बन्न सफल भएको पालिका हो।

खड्काका अनुसार बाल बचाउँ, संरक्षण, विकास, सहभागिता र संस्थागत विकासका सूचकहरुमा आधारित रहेर नगरले बालमैत्री आचारसंहिता कार्यान्वयन, पञ्चवर्षीय रणणनीति निर्माण, बालबालिकाको नीतिगत सहभागिताको सुनिश्चित, बाल विवाह, बाल श्रम र हिंसा जस्ता हानिकारक अभ्यासहरुलाई कमी गर्ने कार्य संचालन गर्दै आएको छ । तर पनि स्थानीय पाठ्यक्रममा अवधारण समावेश, यातायात सहुलियत, नगरको नारामा बालमैत्री थप, अपांगता र यौनिक तथा लैंगिक अल्पसंख्यक बालबालिकाको समावेशीता विस्तारमा थप कार्य गरिनुपर्ने खड्काको सुझाव छ।

तिलोत्तमा नगरपालिका नगर बाल सञ्जालकी अध्यक्ष महिमा खनालका अनुसार नगर बाल सञ्जालले स्थानीय टोलदेखि नै बालबालिकाको नेतृत्व तथा व्यक्तित्व विकासमा सक्रिय पहल गर्दै हरेक कार्यमा नगरको सहयोग रहँदै आएको छ। बालबालिकासम्बन्धी कार्यक्रमको आयोजना, संचालन, अध्यक्षता, स्वागत, मनतव्य, समापन र प्रतिवेदनसम्मको काम बाल संजालको अगुवाइमा गर्ने भएकाले स्वतह रुपमा बाल सशक्तिकरण भएको महसुस आफूहरुले गरेको संयोजक खनाल बताउँछिन्। उनी भन्छिन् -'यो अभ्यासले बालबालिकामा निडर, जीवन उपयोगी सीप र सामाजिक चेतनाको उल्लेखनीय वृद्धि भएको छ।'

नगरमा बालबालिकाद्वारा नै सम्बन्धीत विषयमा प्रशिक्षण, स्वास्थ्य चौकी तथा विद्यालय व्यवस्थापन समिति,बाल अधिकार समिति, बालमैत्री समितिमा बाल सहभागिताको सुनिश्चित गरिएको नबिनाले बताइन् । 'अझै पनि केहि अभिभावकहरुले पढाईमा असर पर्ने भन्दै बालबालिकालाई कार्यक्रममा सहभागी हुन नदिने समस्या देखिन्छ यसका लागि नगरले अभिावक, विद्यार्थी र शिक्षक एकै स्थानमा राखेर सचेतनामूलक कार्यक्रममा जोड दिन आवश्यक छ।'- नवीनाले भनिन्।

तिलोत्तमा नगरपालिकाका महिला विकास अधिकृत सम्झना भण्डारीले दिएको जानकारी अनुसार महिला माथि हुने हिंसा तथा सबै प्रकारका लैंगिक हिंसा निवारण गर्न विभिन्न कार्यक्रमहरु प्रभावकारी रुपमा अगाडि बढाएको छ। नगरले २०७६ साल देखिनै लैंगिक हिंसा निवारण कोष स्थापना गरि कार्यान्वयन गरेको छ, हाल उक्त कोषमा ७ लाख ९५ हजार रुपैयाँ रहेको छ र आगामी दिनमा क्रमश यो कोष बढाउँदै जाने अधिकृत भण्डारीले बताइन् । नगरले लैंगिक सूचक तयार गरी कार्यान्वयन गर्नुका साथै सीप विकास तालिम, सचेतनामूलक कार्यक्रम र सेफ स्पेस जस्ता कार्यक्रमहरु सञ्चालन गरिहेको छ।

सेफ स्पेस कार्यक्रमले लैंगिक हिंसामा परेका महिलाहरुलाई सुरक्षित वातावरण, परामर्श र सहयोगका लागि थप टेवा मिलेको छ। साथै कार्यस्थलमा हुने लैंगिक हिंसा तथा यौन दुर्व्यवहार न्यूनीकरणका लागि महिला सञ्जाल र पुरुष सञ्जाल समेत गठन गरी परिचालन गरिएको महिला विकास अधिकृत भण्डारीले बताइन्।

यस्तै तिलोत्तमाले बालबालिकाको संरक्षण, सशक्तिकरण र जीवनउपयोगी शिक्षामा प्राथमिकता दिदैं विभिन्न कार्यक्रम गर्दै आएको नगरका बालमैत्री स्थानीय शासन फोकल पर्सन धनिप्रसाद शर्माले बताए । उनका अनुसार किशोर–किशोरीलाई आफ्नो काम, कर्तव्य र अधिकारबारे सचेतिकरण, लैंगिक संवेदनशिल, समाज र परिवारमा गर्नुपर्ने व्यवहार, जीवन उपयोगी सीप शिक्षा, र यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी सचेत गराउने कार्यक्रमहरु वार्षिक नीति तथा कार्यक्रममा समावेश गरि निरन्तर रुपमा संचालन गरिएको छ। यस्तै नगरले गर्ने हरेक गतिविधिमा बाल सहभागिताको सुनिश्चित गर्दै वडा र नगरस्तरीय बाल सञ्जाल गठन गरी कार्यक्रम सञ्चालनदेखि सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी बालबालिकालाई दिइएको छ । यस्ता कार्यक्रमको निरन्तरताले बालबालिका सानै उमेरदेखि सशक्त बन्दै जाने र लैंगिक हिंसा न्यूनीकरणमा समेत सहयोग पुग्ने बाल फोकल प्रसन शर्माले विश्वास व्यक्त गरे।

योसँगै तिलोत्तमा नगरपालिकाले विद्यालय, समुदाय र सामाजिक संघसंस्थाहरुसँग सहकार्य गर्दै लैंगिक हिंसाविरुद्ध सचेतना अभियानका कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ। विशेष गरी लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय महिला दिवस जस्ता विभिन्न दिवसीय कार्यक्रममा महिला, पुरुष र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका नागरिकलाई समेत एकै स्थानमा जम्मा गरी लैंगिक सचेतनाका कार्यक्रम मार्फत गरिएका गतिविधिहरुले स्थानीय नागरिकमा सकारात्मक परिवर्तन ल्याएको नगरले विश्वास गरेको छ।

यद्यपि, अझै पनि कतिपय हिंसाका घटनाहरु घट्नु,घटेका घटनाहरु बाहिर नआउनु भनेको समुदायमा चेतनाको कमी र स्रोत साधनको सीमितता चुनौतीका रुपमा देखिएका छन् । यी चुनौतीलाई सम्बोधन गर्दै तिलोत्तमा नगरपालिका आगामी दिनमा थप प्रभावकारी कार्यक्रम बिस्तार गर्ने योजनाका साथ अघि बढेको नगर उप-प्रमुख जगेश्वरदेवी चौधरीले बताइन्।

'नगरपालिकाले गरेको पहलकदमी लैंगिक हिंसा न्यूनीकरण केवल नीतिमा सीमित नभई व्यवहारमा समेत कार्यान्वयन भइरहेको छ, यसले समुदायमा सचेतना, सेवा र सशक्तिकरणलाई एकसाथ अघि बढाउँदै सुरक्षित र समानतामूलक समाज निर्माणतर्फ महत्वपूर्ण कदम चालेको छ।'-चौधरीले भनिन्।

# पाँचौं गुल्मी महोत्सवको तयारी




गुल्मी । तम्घासमा आगामी बैशाख ११ गतेदेखि पाँचौं गुल्मी महोत्सव आयोजना हुने भएको छ । गुल्मी उद्योग वाणिज्य संघको आयोजनामा महोत्सव सञ्चालन हुन लागेको पत्रकार सम्मेलनमार्फत् आयोजकले जानकारी दिएको हो। संघका अध्यक्ष मृगेन्द्रप्रसाद श्रेष्ठका अनुसार यसपटकको महोत्सवलाई विगतभन्दा थप व्यवस्थित, आकर्षक र फरक बनाउन विशेष तयारी भइरहेको छ। त्यसका लागि मूल समारोह समितिसहित ३३ वटा उप-समिति गठन गरिएको छ।

महोत्सवमा करिब २५० वटा स्टल रहनेछन्, जहाँ विभिन्न व्यवसायिक, औद्योगिक तथा कृषि उत्पादनहरू प्रदर्शन तथा बिक्री गरिनेछ। मिनी जलपरीलगायत विगतका महोत्सवमा समावेश नभएका नयाँ मनोरञ्जनका साधनहरू पनि यसपटक थपिने तयारी गरिएको छ।

आयोजकका अनुसार महोत्सवमार्फत् विशेषगरी कृषि, पर्यटन र व्यापार क्षेत्रको प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ । जिल्लामा उत्पादित स्थानीय कृषि उपज, घरेलु तथा साना उद्योगका सामग्री तथा हस्तकलाका वस्तुहरूलाई प्राथमिकता दिँदै स्थानीय उत्पादनको बजारीकरणमा जोड दिइने अध्यक्ष श्रेष्ठले बताए।

उनका अनुसार महोत्सवले स्थानीय उद्यमीहरूलाई आफ्ना उत्पादन प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै नयाँ लगानी आकर्षित गर्ने अपेक्षा गरिएको छ।

पर्यटन प्रवर्द्धनका लागि जिल्लाका धार्मिक तथा प्राकृतिक सम्पदाको प्रचारप्रसार गरिनेछ भने विभिन्न सांस्कृतिक कार्यक्रम, लोकदोहोरी तथा मनोरञ्जनात्मक प्रस्तुति पनि समावेश गरिनेछ।

पत्रकार सम्मेलनमा संघका निवर्तमान अध्यक्ष ईश्वरी प्रसाद पौडेलले अन्य संस्थाले गर्ने मेलाभन्दा व्यवस्थित, आकर्षक र सामाजिक उत्तरदायित्वमा आधारित हुने दाबी गरे।

महोत्सवबाट संकलित कुल रकमको ४० प्रतिशत सामाजिक विकासका क्षेत्रमा खर्च गर्दै आएको संघको अभ्यासले यसलाई अन्य मेलाभन्दा फरक बनाएको छ । धार्मिक क्षेत्र रेसुङ्गासहित विभिन्न धार्मिक स्थलको विकासमा पनि महोत्सवले महत्वपूर्ण योगदान पुऱ्याएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण गौतमबुद्ध
अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको
सूचना
मिति २०८२।१२।२७ गते बिहान ८:३० बजे यस गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय भैरहवाले पूर्णआपतकालीन अभ्यास (Full Scale Emergency Exercise) गर्न गईरहेको हुँदा उक्त समयमा विमानस्थल परिसरमा ठूलो धुँवाको मुस्लो देखिने, नेपाली सेना, नेपाल प्रहरी, एम्बुलेन्स, दमकलहरु र विमानस्थलका कर्मचारीहरुको उपस्थिति बृहत रुपमा देखिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
नेपाल नागरिक उड्डयन प्राधिकरण गौतमबुद्ध
अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
सिद्धार्थनगर, भैरहवा, रुपन्देही

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com